अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या: १३ कार्यपालिका स्वीकृत मिति:२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

### दलित गरिब तथा सिमान्तकृत वर्ग लक्षित पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२

<u>प्रस्तावना:</u>महिला, दलित, गरिब, अपाङ्ग, जनजाती लगायत सिमान्तकृत वर्गले गर्दै आएको पशुपालनलाई आधुनिक प्रविधि अनुसार व्यवसायिक रुपमा अगाडि बढाउन सहयोग गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

<u>१. संक्षिप्त नाम र प्रारम्भ:</u>(१)यस कार्यविधिको नाम दलित गरिब तथा सिमान्तकृत वर्ग लक्षित पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहेको छ।

(२)यो कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “कार्यपालिका” भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

ख) "कार्यालय" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ

ग) "समिति" भन्नाले दफा (४) बमोजिमको समिति सम्झनु पर्दछ।

घ) "समूह" भन्नाले कृषक समूह वा पशुपन्छी समूह बुझ्नुपर्दछ।।

ङ) "शाखा" भन्नाले नगरपालिकाको पशुपन्छी विषय हेर्ने शाखा सम्झनु पर्दछ।

## परिच्छेद-२

## क्षेत्र तथा संरचना

३. कार्यक्रम क्षेत्र: कार्यक्रम सञ्चालन क्षेत्र देहाय अनुसार हुनेछः

**(१) विषय क्षेत्र:** कार्यक्रमको विषय क्षेत्र निम्न अनुसार हुनेछः

क. बाख्रा पालन कार्यक्रम

ख. बंगुर पालन कार्यक्रम

ग. कुखुरा पालन कार्यक्रम

घ. पाडा पालन कार्यक्रम

**(२) भौगोलिक क्षेत्र:** कार्यक्रम बर्दिवास नगरपालिकाको कुनै एक वा एकभन्दा बढी टोल वा वडा तोकी सञ्चालन गर्न सकिनेछ।

४. समिति: कार्यक्रम सञ्चालनका लागि विभिन्न विषयहरुमा निर्णय गर्न र कार्यान्वयनका लागि मार्गदर्शन गर्न देहायको एक समिति रहनेछः

क) नगर प्रमुख- संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग) आर्थिक विकास समिति प्रमुख- सदस्य

घ) पशुपन्क्षी शाखा प्रमुख वा प्रतिनिधि- सदस्य सचिव

समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. कार्यक्रम सञ्चालन स्थलको छनौट: (१) समितिले कार्यक्रम सञ्चालनको लागि दफा (३) को उपदफा (१) को विषय क्षेत्र अनुसार १ वटा वडा वा १भन्दा बढी वडाहरू छनौट गर्नुपर्नेछ।

(२) दलित तथा गरिब बस्ती समेटिने गरीउपदफा (१) बमोजिमको वडा तथा टोल छनौट गर्नुपर्नेछ।

६. समूह गठन:दफा (५) बमोजिम छनौट भएको टोलमा गई टोल/वस्ती भेला गरी अभिमुखीकरण गरी समूह निर्माण गर्नु पर्नेछ।

७. समूह दर्तागर्नुपर्ने:दफा(६) अनुसार गठन हुने समूह नगरपालिकामा दर्ता हुनु पर्नेछ।

८. सम्झौता:दफा (७)अनुसार दर्ता गरिने समूहसँग नगरपालिकाले परिच्छेद-४ अनुसारको कार्य गर्न सम्झौता गर्न सक्नेछ।

## परिच्छेद-४

## क्रियाकलापहरु

**<u>९.क्षमता अभिवृद्धि:</u>**समूहको क्षमता अभिवृद्धिका लागि तालिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

**<u>१०. वस्तु तथा सेवा सहयोग:</u>**समूहलाई पशुपालन कार्यका लागि आवश्यक पर्ने वस्तु तथा सेवाहरु सहयोग गरिनेछ। जस्तै:,बाख्रा सहयोग, पाडा सहयोग, आदि।

**<u>११. पूर्वाधार निर्माण:</u>**समूहलाई सहज हुने गरी पूर्वाधार निर्माण गर्न सकिनेछ।जस्तै: बाख्रा पालनको लागि गोठ निर्माणआदि।

**<u>१२. प्रविधि तथा मेशिनरी सामान हस्तान्तरण:</u>**समूहलाई आधुनिक ढंगबाट पशुपालन कार्यमा समावेश गराउन आवश्यक प्रविधि तथा मेशिनरीसामान उपलब्ध गराउन सकिनेछ।

**<u>१३. अन्य सहयोग सामग्री:</u>**पशुपालन कार्यको लागि आवश्यक पर्ने अन्य सामग्रीहरु उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-५

## विविध

**<u>१४. अनुगमन समिति:</u>**नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नुपर्नेछ।

**<u>१५. प्रगति प्रतिवेदन तयार गर्नु पर्ने:</u>**(१)शाखाले मासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।
(२) कार्यक्रमको प्रभावकारिताको आधारमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**<u>१६. सजाय:</u>**नगरपालिकाबाट उपलब्ध गराएको सहयोग, मेसिन र प्रविधिहरुको दुरुपयोग गरेमा नगरपालिकाबाट दिने सुविधा बञ्चित गरिनेछ र उपलब्ध गराएको सामाग्री फिर्ता लिई थप क्षतिपूर्ति भराईनेछ।

**<u>१७. बाधा अड्काउ फुकाउने:</u>** यस कार्यविधिमा कुनै द्विविधा भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले,<br>
राममणि अधिकारी<br>
प्रमुख प्रशासकीय अधिकृत